कार्यपालिका बैठक संख्या :- ६०

बैठक मिति :- २०७६।०५।१७

**निर्णय नं. १**

यस इटहरी उपमहानगरपालिकाको आ.ब. २०७६।०७७ को लागि नगर दररेट निर्धारणका लागि गठित समितिबाट प्राप्त नगर दररेट निर्धारण प्रतिबेदनमा उल्लेख भएको दररेटलाई नगर दररेटको रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

१ नं. प्रदेश सरकारबाट आ.व.०७५।०७६ मा प्राप्त रकमबाट यस उपमहानगरपालिका क्षेत्र भित्र संचालित देहाय अनुसारका योजनाहरु सम्झौता भई अधुरो रहेको हुँदा देहाय अनुसारको रकम चालु आ.ब.मा प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम | योजनाको प्रकार | वडा नं. | प्रदेश अनुदान | हाल सम्म भुक्तानी भएको रकम | भुक्तानी हुन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कालोपत्रे निर्माण | बरगाछी देखि सगरमाथा हुदै तालतलैया हुने बाटो | २ | १३०००००। | ३७०००००। | ९३०००००।०० | |
| २ | भवन निर्माण कार्य | प्रगतिशिल अध्ययन केन्द्र | ३ | १५०००००। | ८०००००। | ७०००००।०० | |
| ३ | कालोपत्रे मर्मत कार्य | शान्ति मार्ग पाँचधारे | ४ | १००००००। | २८३९४७। | ७१६०५३।०० | |
| ४ | कालोपत्रे निर्माण कार्य | पिपलचोक देखि रामजानकी मन्दिर सम्मको बाटो | ५ | १४०००००। | ३०४८७९।६१ | १०९५१२०।३९ | |
| ५ | कल्भेट निर्माण कार्य | दिना दाहालको घर अगाडी सुकुमारी पैनीमा | ५ | १५०००००। | ०० | १५०००००।०० | |
| ६ | कालोपत्रे निर्माण कार्य | नमुना मार्ग | ८ | ५०००००। | २६६५४८।८७ | २३३४५१।१३ | |
| ७ | कालोपत्रे निर्माण कार्य | खनार चोक देखि पूर्व लिम्बु टोल हुदै बुढि खोला सम्म | ११ | १००००००। | १९२९०४।३९ | ४६३९५६।१७ | |
| ८ | कालोपत्रे निर्माण कार्य | शान्तिसृजना विद्यालय देखि खिरखिरिया टोल मुसलमान टोल हुदै नहर सम्म | १३ | १००००००। | ० | १००००००। | |
| ९ | कालोपत्रे निर्माण कार्य | भुर्की देखि नहर सम्म | १४ | १००००००। | ७२४६००। | २७५४००। | |
| १० | कालोपत्रे निर्माण कार्य | सुरक्षा मार्ग | १७ | १४०००००। | ७९१९५६।६१ | ६०८०४३।३९ | |
| ११ | कालोपत्रे निर्माण कार्य | लविपुर दक्षिण हर्दिया मजरा जाने बाटो | १६ | १४०००००। | ८५५७३४।०० | ५४४२६६।०० | |
| १२ | कालोपत्रे निर्माण कार्य | भवानी चोक उत्तर सामुदायिक बन अफिस | १९ | ७०००००। | ३७२६२६।५४ | ३२७३७३।४६ | |

नवराज नेपाल

उपसचिव (लेखा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सम्म सिएन टोल मार्ग | | | | | |
| १३ | कालोपत्रे निर्माण कार्य | कोरियन चोक दक्षिण प्रधानको घर सम्म | १९ | ७५०००००। | ४९१२५।३२ | २५८७४७६८ | |
| १४ | कालोपत्रे निर्माण कार्य | संगम चोक हुदै रामधुनी जोडिने बाटो | १९ | १५०००००। | ५७४५२९।९७ | ९२५४७०।०३ | |
| | | | | | जम्मा | १७९४७८८१।२५ | |

**निर्णय नं. ३**

इटहरी उपमहानगरपालिका वडा नं. १७ स्थित पकली जतपुर जाने बाटो ड्रेन तथा कालोपत्रेका लागि प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानबाट संचालन हुने योजनाको लागि छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिकाद्धारा संचालन हुने सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला तथा कार्यपालिका/समिति बैठक संचालन सम्बन्धीको खर्चको मापदण्ड (Norms), २०७६ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

इटहरी उपमहानगरपालिकामा स्वास्थ्य संस्था दर्ता अनुमति, स्तरोन्नती तथा नविकरण सम्बन्धी निर्देशिका, २०७६ स्वीकृती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

इटहरी उपमहानगरपालिका अन्तर्गत इटहरी अस्पतालमा रिक्त रहेको देहाय बमोजिमका पदहरुमा सेवा करारबाट पदपूर्ति गर्नका लागि नियमानुसार प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई अनुमति दिने निर्णय गरियो ।

| क्र.सं. | पद | स्तर | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | १ | |
| २ | हेल्थ असिस्टेण्ट | सहायकस्तर पाँचौं | १ | |
| ३ | स्टाफ नर्स | सहायकस्तर पाँचौं | २ | |
| ४ | अ.न.मी. | सहायकस्तर चौथो | १ | |

**निर्णय नं. ७**

विपद् व्यवस्थापन सम्बन्धी नगरप्रमुखबाट स्वीकृत भई संचालन भएका देहाय बमोजिमका योजनाहरु संघीय सरकार समपुरक अनुदान प्राप्त भएमा सोही अनुसार अन्य थप कार्य गर्ने गरी योजना सम्पन्न गर्ने र हाललाई नदि कटान तत्काल नियन्त्रण गरी क्षतिबाट बचाउन आन्तरिक आय तर्फ बिनियोजित बजेटबाट खर्च गर्ने गरी संचालन गर्न स्वीकृती दिने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | स्थान | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बुढी खोला तटबन्ध गैरी गाउँ | इटहरी ४ | ९,८१,३१७।१७ | |
| २ | बुढी खोला तटबन्ध सुनौलो टोल | इटहरी ३ | ३२,२३,३४९।११ | |
| ३ | खर्सल्ला खोला पानी निकास तथा नदि नियन्त्रण कार्य | इटहरी १७ | ३,९९,५७६।६४ | |
| ४ | कान्छी चोक डकाहा जाने बाटोमा पुल छेउमा नियन्त्रण | इटहरी १८ | ४,८५,८८९।७६ | |
| ५ | लबिपुर कर्ल्भट वरपर खर्सल्ला खोलामा तटबन्ध | इटहरी १७ | १५,३६,०७२।३२ | |
| | | जम्मा | ६६,२६,१९७।०० | |

निर्णय नं. ८

इटहरी उपमहानगरपालिकाबाट आ.ब. २०७५।०७६ मा संचालन भई सोही आ.ब.मा सम्पन्न भई भुक्तानी गर्न बाँकी भई चालु आ.ब.मा दायित्व सरेका तपसिल अनुसारका योजनाहरुको भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम ठेगाना | उ.भो.स./फर्म/निर्माण व्यवसायी | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | खर्सला खोला नियन्त्रण कार्य, इटहरी १७ | सौरभ कन्ट्रक्सन, इटहरी ७ | ८,३६,७०४।३२ | |
| २ | सार्वजनिक जग्गा घेराबेरा, इटहरी १५ | मटियत निर्माण सेवा, हरिपुर १, सुनसरी | ७,३३,१६४।४५ | |
| ३ | पन्चमुखी पुल मर्मत कार्य, इटहरी १८ | पन्चमुखि पुल मर्मत उ.भो.स. इटहरी १८ | ४७,२५०।०० | |
| ४ | होकाहा खोला नदि नियन्त्रण कार्य, इटहरी १७ | न्यू कोशी निर्माण सेवा, बक्लौरी सुनसरी | ८,६०,०२१।०० | |
| ५ | घोइन्दा खोला टिटही टोल र टिटही टोल पूर्व निर्माण हुने पुलहरु (२ वटा) को DPR इटहरी १६ | ग्रेश सर्भे इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., काठमाण्डौं | १४,७९,१७०।०० | |
| ६ | इटहरी चोक पश्चिम राजमार्गमा आकशे पुलको DPR तयार, इटहरी ६ | इन्टरफेस इन्जिनियरिङ्ग प्रा.लि. | ४,९८,६६९।०० | |
| ७ | वडा कार्यालय भवन निर्माणको लागि Feasibility Study Detail Engineering Survey, Detail Design, Drawing Estimation (DPR), | सास्वत इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. बिराटनगर | ४,१०,१९०।०० | |
| ८ | इटहरी चोक पूर्व राजमार्गमा आकाशे पुलको DPR तयार, इटहरी ६ | सिग्मा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., बबरमहल, काठमाण्डौं | ४,९८,६६९।०० | |
| ९ | सार्वजनकि शौचालयको Feasibility Study Detail Engineering Survey, Detail Design, Drawing Estimation, Itahari-6 | कला इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. काठमाण्डौं | १,८५,३२०।०० | |
| १० | भोटिया खोलामा निर्माण हुने पुलहरु (झोलुङ्गे पुल छेउ तथा इटा भट्टा छेउ) को DPR इटहरी १५ | शुभम् कन्सल्टेन्ट प्रा.लि. बानेश्वर काठमाण्डौं | १४,७९,१७०।०० | |
| ११ | हाटबजार र टेग्रा खोला करिडोर निर्माण कार्य | क्रिष्टल कन्सल्टेण्ट प्रा.लि. | ३,९०,६४४।५५ | |

निर्णय नं. ९

वडा कार्यालयमा कार्यरत वडा सचिव तथा अन्य कर्मचारीहरुलाई मासिक रुपमा इन्धन नगरकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीले पाए सरह नगर कार्यपालिकाको कार्यालयबाट नै उपलब्ध गराउने निर्णय गरियो ।

नवराज नेपाल
उपसचिव (लेखा)

निर्णय नं. १०

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको स्वीकृत संगठन संरचना अनुसारका पदहरुमा कार्यरत रहेका महाशाखा प्रमुखहरुलाई संचार सुविधा वापत मासिक रुपमा रु.७००।(सात सय) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

सरसफाई सामाग्री खरिद सम्बन्धमा नगरप्रमुखबाट देहायका सामाग्रीहरु सरसफाई सेवा शुल्क (संकेत नं. २२४१४) शिर्षकबाट खर्च गर्ने गरी खरिद गर्न स्वीकृती दिने गरी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | विवरण | संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १ | ग्लोबस | ६,५०० | ३.७५ | २४,३७५। |
| २ | माक्स | ६,००० | ३.५० | २१,०००। |
| ३ | कुचो | ५५० | ४५ | २४,७५०। |
| ४ | बोरा | १००० | २४.५० | २४,५००। |
| | | | जम्मा | ९४,६२५। |

निर्णय नं. १२

इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, इटहरी अस्पताल, बर्थिङ्ग सेन्टर, सामुदायिक औषधी क्लिनिक तथा शहरी स्वास्थ्य तर्फ सेवा करारमा कार्यरत कर्मचारीहरुलाई कम्तीमा छ महिना करार सेवा गरेमा साल बसाली रुपमा एक महिनाको आधारभूत पारिश्रमिक बराबरको चार्ड पर्व खर्च उपलब्ध गराउने निर्णय भई सम्झौता भएकोमा आ.व.०७५।०७६ मा कार्य सम्पादन गरेका हुनाले एक महिनाको आधारभूत पारिश्रमिक बराबरको चाडपर्व खर्च बडादशैको अवसरमा ०७६ असोज महिनाको पारिश्रमिक भुक्तानी गर्दा निजहरुलाई चाडपर्व खर्च वापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३

इटहरी उपमहानगरपालिकाबाट आ.ब. २०७६।०७७ मा संचालन हुने योजनाहरुको सम्बन्धमा मिति २०७६ मंसिर मसान्त सम्ममा उपभोक्ता समिति गठन गरी नगरपालिकामा पठाई दिन सबै वडा कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

नेपाल नगरपालिका संघ, १ नं. प्रदेशबाट प्रदेश अधिवेशन तथा प्रशिक्षण कार्यक्रमका लागि सहयोग माग भई आएको हुँदा उक्त अधिबेशन तथा प्रशिक्षण कार्यकम सम्पन्न गर्नका लागि अन्य कार्यक्रम खर्च शिर्षकबाट रु.२५,०००।- (पच्चिस हजार) र सदस्य शुल्क वापत रु.१०,०००।- (दश हजार) गरी जम्मा रु.३५,०००।- (पैतीस हजार) मात्र उक्त संस्थालाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५

इटहरी उपमहानगरपालिकाको वडा नं. १५ र १६ को वडा कार्यालय परिसर भित्र आ.ब. ०७६।०७७ को नगरस्तरीय योजना अन्तर्गत टायल बिच्छाउने कार्यको लागि बिनियोजन भएको रु. ६,००,०००।- (छ लाख) मा १०% लागत सहभागिता जुटाई योजना संचालन गर्न स्वीकृती दिने निर्णय गरियो ।

नवराज नेपाल
उपसचिव (लेखा)

**निर्णय नं. १६**

इटहरी उपमहानगरपालिकाबाट स्वास्थ्य सम्बन्धी उपकरण खरिदको लागि बिनियोजित रकमबाट २०७६ कार्तिक मसान्त भित्र आवश्यक प्रक्रिया पुरा गरी उपकरण खरिदका लागि प्रक्रिया अगाडी बढाउन स्वास्थ्य तथा सामाजिक विकास महाशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

वडा नं. १ का वडाध्यक्ष श्री बिष्णुलाल चौधरी बिमारी भई कार्यालय आवत जावत गर्न समस्या भएको हुँदा निजलाई कार्यालय आवत जावत गर्ने प्रयोजनका लागि एक थान स्कुटर खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

इटहरी उपमहानगरपालिका नयाँ प्रशासनिक भवनको ड्रइङ्ग, डिजाईन र रु.२६,९६,४३,४३०।९० (छब्बीस करोड छयानब्बे लाख त्रिचालीस हजार चार सय तीस रुपैया नब्बे पैसा) को ल.ई.स्वीकृत गरी बहुबर्षिय योजनाको रुपमा संचालन गर्ने र सो को श्रोत सुनिश्चितताको लागि संघ तथा प्रदेश सरकारबाट बजेट माग गर्ने र अपुग हुने रकम नगरसभाबाट पहिलो प्राथमिकताका साथ बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

इटहरी उपमहानगरपालिका वडा नं. १९ का वडाध्यक्ष श्री श्रीनारायण चौधरीको पुजनिय पिता श्री गुजकलाल चौधरीको मिति २०७६।०५।०४ गते स्वर्गारोहण भएको साथै वडा नं. ५ का वडाध्यक्ष श्री कल्याण बहादुर कार्कीको पुजनिय पिता श्री सुरेन्द्र बहादुर कार्कीको मिति २०७६।०५।१० गते स्वर्गारोहण भएकोमा इटहरी उपमहानगरपालिका परिवार स्तब्ध भएको हुँदा शोकमा रहनु भएका वडाध्यक्ष द्वय श्री श्रीनारायण चौधरी र श्री कल्याण बहादुर कार्की लगायत शोकाकुल परिवारजन प्रति समबेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गरियो ।

नवराज नेपाल
उपसचिव (लेखा)